पाठ १

# नमूनालाई पछ्याउनुहोस्

तपाईंले घर बनाउन चाहनुभयो भने, सबैभन्दा पहिले के गर्नुपर्छ? काम शुरू गर्नुभन्दा पहिले तपाईंले योजना बनाउनैपर्छ। तपाईं कतिवटा कोठाहरू चाहनुहुन्छ, र कहाँ-कहाँ ढोका र झ्यालहरू राखिनुपर्छ भनी तपाईंले निर्णय गर्नुपर्छ। बनाउनको निम्ति सहायता पुऱ्याउन तपाईंलाई नमूनाको आवश्यकता पर्छ। तब नतीजाहरूसँग तपाईं खुशी हुनुहुनेछ।

पुरानो करारमा हामी पढ्छौं कि उहाँलाई आराधना गर्नका निम्ति ठाउँ बनाउने सम्बन्धमा परमेश्वरले आफ्ना मानिसहरूलाई भन्नुभएको थियो। उहाँले तिनीहरूलाई योजना दिनुभयो। सात पल्टसम्म निश्चित भएर उहाँको योजनालाई ठीक किसिमले पछ्याउनुपर्छ भनी उहाँले तिनीहरूलाई बताउनुभयो। जब तिनीहरूले उहाँको आज्ञा पालन गरे, भवनलाई सफलतापूर्वक निर्माण गरियो, र परमेश्वर खुशी हुनुभयो।

यदि हामी मानिसलाई येशूकहाँ जित्न चाहन्छौं भने हाम्रो पनि नमूना वा योजना हुनुपर्छ। परमेश्वरले आफ्नो वचनमा यो योजना हामीलाई दिनुभएको छ। येशूको जीवन र सेवा र शुरूका ख्रीष्टियानहरूको उदाहरणमा हामी यो योजना देख्छौं। जब तपाईंले परमेश्वरको योजनाको बारेमा सिक्नुहुन्छ, येशू



ख्रीष्टको बारेमा सुसमाचार बाँड्ने तपाईंको आफ्नै सेवामा यसलाई प्रयोग गर्न सक्नुहुन्छ। व्यक्तिगत सुसमाचार प्रचार यही नै हो।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

परमेश्वरको योजना
ख्रीष्टको योजना
शुरूका ख्रीष्टियानहरूको उदाहरण

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- व्यक्तिगत सुसमाचार प्रचारको निम्ति परमेश्वरको योजनाको साँचो स्वभावलाई बुझ्न।
- ख्रीष्ट र शुरूका ख्रीष्टियानहरूका उदाहरणलाई तपाईंको दैनिक जीवनमा प्रयोग गर्न।

## परमेश्वरको योजना

उद्देश्य १: *व्यक्तिगत सुसमाचार प्रचारको लागि परमेश्वरको नमूना के हो सो व्याख्या गर्नुहोस्।*

परमेश्वरले विश्वलाई सृष्टि गर्ने निर्णय किन गर्नुभयो भन्ने सम्बन्धमा के तपाईं कहिल्यै अचम्भित हुनुभएको छ? उहाँले स्वर्ग र पृथ्वी, ताराहरू र समुद्रहरू, पहाड़हरू र तराइहरू र मानिसलाई किन सृष्टि गर्नुभयो? धेरै व्यक्तिहरू यो प्रश्न सोध्ने गर्छन्। तर उत्तरचाहिँ अति नै साधारण छ। उद्देश्यविना केही कुरा पनि सृष्टि गरिएको थिएन।

मानिसलाई सृष्टि गर्नुभन्दा पहिलेदेखि नै परमेश्वरको उद्देश्यचाहिँ आफूसँग भएका सबै कुरा मानिसलाई दिनु हो र योचाहिँ व्यक्तिगत सुसमाचार प्रचारको साँचो नमूना हो– हामीसँग भएको कुरा बाँड्नु!

"अनि परमेश्वरले भन्नुभयो, "मानिसलाई हाम्रै स्वरूपमा बनाऔं" (उत्पत्ति १:२६)। परमेश्वरले मानिससँग आफ्नो व्यक्तिगत तत्त्व वा उहाँको आफ्नै स्वभाव बाँड्नुभयो। परमेश्वर आफैले मानिससँग बाँड्ने सुसमाचार यही थियो। मानिससँग आफ्नै स्वभाव बाँड्नुभएपछि आफूले सृष्टि गर्नुभएको सबै थोक परमेश्वरले मानिसलाई दिनुभयो। पछि अदनको सुन्दर बगैंचामा परमेश्वर आउनुभयो र बाबुले छोरासँग बोलेझैं उहाँ आदमसँग हिँड्नु र बोल्नुभयो। तिनीहरूले एक-अर्कासँग कुराकानी गरे। तिनीहरूका बीचमा सिद्ध समझदारी थियो। ओहो, म असल चित्रकार हुन पाएको भए हुनेथियो? तर यदि म त्यस्तै भएको भए तापनि, यो कति सुन्दर दृश्य थियो होला भनी देखाउन म असमर्थ हुन्छु।

एक अचम्भित वास्तविकताचाहिँ यो हो कि परमेश्वरको प्रेम बाँड्ने काम आदम एकलैसँग मात्र सीमित रहेन। मानिसले पाप गरेपछि परमेश्वर दुःखित हुनुभयो, तर मानिसप्रतिको उहाँको प्रवृत्तिचाहिँ परिवर्तन भएन। उहाँ फेरि तल आएर आउनुहुने मुक्तिदाताको सुसमाचार मानिससँग बाँड्नुभयो। उत्पत्ति ३:१५-मा हामी यस सुसमाचारको पहिलो घोषणा देख्न सक्छौं। परमेश्वरले साँप वा शैतानलाई यसो भन्नुभयो, "त्यसको सन्तानले तेरो शिर कुच्च्याउनेछ।" यहाँ उहाँले आफ्ना पुत्र येशूको बारेमा बताउनुभएको थियो। उहाँले यसो भन्दै हुनुहुन्थ्यो, "पाप गर्नका लागि आदमलाई परीक्षा गर्दा साँप वा शैतानले आदमलाई कुच्च्याएको थियो। तर शैतानलाई कुच्च्याउनका निम्ति म मेरो पुत्र येशू ख्रीष्टलाई पठाउनेछु।"

हो, परमेश्वरले आफ्नो प्रेमलाई असीमित किसिमले बाँड्नुभएको छ। यूहन्ना अर्थात् योआनेस ३:१६-मा हामी यसरी पढ्छौं, "किनभने परमेश्वरले संसारलाई *यस्तो* प्रेम गर्नुभयो, कि उहाँले आफ्ना *एक मात्र पुत्र* दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्।" यो प्रचलित पद व्यक्तिगत सुसमाचार प्रचारको निम्ति परमेश्वरको आफ्नै नमूनाको मुटु (हृदय) हो। उहाँको प्रेम व्यक्तिगत प्रेम हो, तपाईंसहित सबै मानिसलाई दिने र बाँड्ने प्रेम हो।



## तपाईंको अभ्यासको निम्ति

*तपाईंको अभ्यासको निम्ति* भनिने यी प्रत्येक खण्डका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले अध्ययन गर्नुभएका कुराहरूलाई दोहोऱ्याउन वा प्रयोग गर्नका लागि सहायता पुऱ्याउनेछन्। तलका दुइ अभ्यासहरूमा सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस्। तपाईंको छनोटको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

१ व्यक्तिगत सुसमाचार प्रचारको आफ्नो योजनालाई परमेश्वरले कसरी देखाउनुभयो?
**क**) आदमसँग हिँड़ेर।
**ख**) आदमलाई सुन्दर बगैंचामा राखेर।
**ग**) आदमलाई आफ्नै स्वभाव दिएर।

२ आदमले पाप गरिसकेपछि पनि परमेश्वरले कसरी आफूलाई मानिसकहाँ प्रस्तुत गर्नुभयो?
**क**) उहाँका आफ्ना पुत्र येशूलाई हामीकहाँ दिएर।
**ख**) साँपलाई दण्ड दिएर।
**ग**) दुःखित भएर।

३ किन परमेश्वरले आफू र आफ्ना पुत्रलाई सबै मानव-जातिसँग बाँड्न चाहनुभयो?

.......................................................................................

यी अभ्यासहरूका उत्तरलाई तपाईंले पाठको अन्तमा भेट्टाउन सक्नुहुन्छ। यी अभ्यासहरूका उत्तरहरूलाई जाँच्नुहोस्।

## ख्रीष्टको जीवन

उद्देश्य २: *व्यक्तिगत सुसमाचार प्रचारको निम्ति येशूले हामीलाई देखाउनुभएको परमेश्वरको योजनाको सूची बनाउनुहोस्।*

मानिसले पाप गरेको छ। रोग, दुःख, लड़ाइँ र मृत्यु यसको नतीजा हो। आफूले एक पल्ट गर्नुभएझैं अब परमेश्वर मानिससँग हिँड्न नसक्ने भए तापनि मानिससँग आफ्नो काम बाँड्ने योजनामा परमेश्वर निरन्तर रूपमा लागिरहनुभएको छ। त्यो योजनाचाहिँ हामीकहाँ येशूलाई पठाउनुथियो।

उहाँको आफ्नो काम र सेवाको बारेमा बताउँदै येशूले भन्नुभयोः

परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषिक्त गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ (लूका ४:१८-१९)।

पश्चिम अफ्रिकाको अप्पर भोल्टामा भएको एउटा मण्डली अर्थात् एकलेसियामा ६०० विश्वासीहरूका बीचमा मैले आराधना गरिराखेको थिएँ। तिनीहरूले यी शब्दहरू गाउँदैथिएः

हे प्रभु, तपाईंले उद्धार गर्ने र निको पार्ने
शक्ति नदिनुभएको भए जङ्गलहरूचाहिँ
मेरा बस्ने ठाउँ हुन्थे र मेरो भविष्यचाहिँ
नरक हुन्थ्यो!



येशूले उहाँको आफ्नै उदाहरणद्वारा हामीलाई व्यक्तिगत सुसमाचार प्रचारको नमूना सिकाउनुभएको छ। उहाँले मानिसहरूका बीचमा भेदभाव गर्नुभएन। उहाँले निकोदेमस र ग्रीक विद्वान्हरूजस्ता अति शिक्षित व्यक्तिहरूलाई लिनुभयो। पापीहरूसँग बस्न र खानका लागि उहाँ जानुभयो। कोरीहरू उहाँकहाँ आए र उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो। भूत लागेका मानिसहरू उहाँकहाँ आए र उहाँले ती सबैलाई निको पार्नुभयो। आफू थाक्नुभएपछि उहाँले केटाकेटीहरूसँग समय बिताउनुभयो। सिपाहीहरू र विधवाहरूले उहाँबाट सहायता पाए। सहायताको खाँचो परेका व्यक्तिहरूलाई उहाँले सहायता दिनुभएन भनेर कसले उहाँलाई दोष लगाउन सक्छ?

येशूको एउटै उद्देश्य थियोः उहाँलाई पठाउनुहुनेको काम र इच्छा पूरा गर्नु। येशूको जीवन र सेवाको बारेमा बताउँदै प्रेरित पत्रुस अर्थात् पत्रसले भनेका छन्ः "उहाँ सुकर्म गर्दै र दियाबलस [शैतान]-बाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो" (प्रेरित १०:३८)। परमेश्वरले ख्रीष्टमा काम गर्नुभयो, पापको क्षमा दिनुभयो, र मानिसहरूलाई आफैकहाँ ल्याउनुभयो।

आफ्ना पिताको योजना पूरा गर्नका निम्ति धेरै कुराहरू त्याग्न ख्रीष्ट तयारी हुनुहुन्थ्यो। पहिलो कुरा, हामीकहाँ आउनका

निम्ति उहाँले स्वर्गको आफ्नो घर, आफ्नो सिंहासन, र आफ्नो महिमा त्याग्नुभयो। उहाँ डूँड़मा जन्मनुभयो, किनकि जसलाई सहयोग गर्नका लागि उहाँ आउनुभएको थियो, तिनीहरूले उहाँलाई स्वीकार गरेनन्। तर उहाँले स्वइच्छाले आफ्नो जीवन क्रूसमा दिनुभएर ठूलो बलिदान (त्याग)-को प्रदर्शन गर्नुभयो, "अब सिद्धियो" भनी त्यस बेला येशूले चर्को स्वरले कराउनुभयो (यूहन्ना १९:३०)। यो तृप्त भएको चिच्च्याइ थियो। उहाँको काम पूरा भयो। व्यक्तिगत सुसमाचार प्रचारको नमूना– सुसमाचार बाँड्ने काम - सधैँको निम्ति स्पष्ट बनाइयो।

हो, तपाईं र म बाँच्न सकौं भनेर ख्रीष्टले मृत्यु चाख्नुभयो। परमेश्वरप्रतिको हाम्रो ऋण उहाँले तिरिदिनुभएको छ। प्रभुहरूका प्रभु र राजाहरूका राजा ख्रीष्ट आफ्नो शिर राख्ने ठाउँ नपाईकनै यस पृथ्वीमा कमाराको रूपमा घुमफिर गर्नुभयो। उहाँले हामीलाई प्रेम गर्नुभएको कारणले नै यसो गर्नुभएको हो। के योभन्दा अझै असल सुसमाचार त्यहाँ होला र? अवश्य पनि छैन।

---

## तपाईंको अभ्यासको निम्ति

४ येशूको बारेमा केही बयानहरू यहाँ छन्। ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) उहाँ परमेश्वरद्वारा पठाइनुभएको थियो।
**ख**) उहाँले मानिसहरूको वास्ता गर्नुभयो।
**ग**) उहाँकहाँ आउने सबैलाई उहाँले सहायता गर्नुभएन।
**घ**) उहाँको शक्ति सीमित थियो।
**ङ**) उहाँको उद्देश्य परमेश्वरको इच्छा पूरा गर्नुथियो।
**च**) बलिदान (त्याग) गर्नका लागि उहाँ इच्छुक हुनुहुन्थ्यो।

✍ हाम्रा निम्ति आफैलाई दिन किन येशू इच्छुक हुनुहुन्थ्यो?

.......................................................................

☞ तपाईंका उत्तरहरू जाँच्नुहोस्।

**"अब सिद्धियो"**



## शुरूका ख्रीष्टियानहरूको उदाहरण

उद्देश्य ३: *ख्रीष्टको बारेमा सुसमाचार बाँड्नका लागि शुरूका ख्रीष्टियानहरू किन हाम्रा उदाहरण बन्न सक्छन् व्याख्या गर्नुहोस्।*

परमेश्वर र उहाँको प्रेमको बारेमा हामीलाई बताउन ख्रीष्ट आउनुभयो भन्ने कुरा हामीले हेरिसकेका छौं। दुष्ट मानिसहरूले उहाँलाई क्रूसमा टाँगिदिए। तर उहाँ चिहानमा नै रहनुभएन। उहाँ जीवनमा फर्किआउनुभयो, चिहानबाट बौरिउठ्नुभयो, र अहिले स्वर्गमा पिताको दाहिने हाततर्फ बिराजमान् हुनुभएको छ। तर मानव-जातिसँग सुसमाचार बाँड्ने उहाँको योजनाचाहिँ ख्रीष्टमा नै नसकिएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु।

ख्रीष्टले आफ्ना प्रेरितहरू र चेलाहरूलाई यो कामको जिम्मा दिनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५)। यो आज्ञा प्रेरितहरू, प्रचारकहरू, डिकनहरू, पास्टरहरू वा शिक्षकहरूजस्ता छानिएको समूहको लागि मात्र होइन। यो आज्ञा हामीहरू सबैका लागि हो।

तर कसरी येशूले आफ्ना चेलाहरूलाई बाहिर पठाउनुभयो? आफ्ना पितासँगको प्रार्थनामा ख्रीष्टले भन्नुभयो, "जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु" (यूहन्ना १७:१८)। अनि परमेश्वरले येशूलाई कसरी पठाउनुभयो? उहाँले येशूलाई सेवा (मिशन) दिएर पठाउनुभयो। उहाँले येशूलाई शक्ति र अधिकार दिएर पठाउनुभयो। उहाँले उहाँलाई सबै मानिसहरूकहाँ पठाउनुभयो। उहाँले दोषी ठहऱ्याउनको निम्ति होइन, इन्साफ गर्नका निम्ति होइन तर मानिसहरूलाई स्वतन्त्र तुल्याउनका निम्ति उहाँलाई पठाउनुभयो। ख्रीष्टले हामीलाई दिनुभएको सेवा (मिशन) पनि यही नै हो। उहाँले यसो भन्नुभएको जस्तै यो हो, "पिता, जसरी तपाईंले मलाई पठाउनुभयो, मैले पनि तिनीहरूलाई पठाएको छु। मलाई जसरी सुरक्षा गर्नुभयो, तिनीहरूलाई पनि सुरक्षा गर्नुहोस्। जसरी मेरा कुरा सुन्नुभयो, तिनीहरूका कुरा पनि सुन्नुहोस्। मसँग हुनुभएझैं तिनीहरूसँग पनि हुनुहोस्।" हामी परमेश्वरका सन्देशवाहकहरू हौं भनी जान्न पाउनु अचम्भित कुरा होइन र!

पेन्तिकोसको दिनमा यही येशू नामको बारेमा बताउने पत्रसतर्फ हाम्रा आँखा लगाऔं। यस घटनालाई प्रेरित २:१४-३६-मा उल्लेख गरिएको छ। अरूहरूलाई ख्रीष्टको बारेमा बताउँदै भीडको अगाड़ि उभिएको दृश्यलाई हेर्ने कोशिश गरौं। उनका न्यायाधीशहरूका अगाड़ि उभिएर उनले बोलेको कुरालाई ध्यानपूर्वक सुनौं। "मैले देखेको र सुनेको कुरालाई

बाँड्नबाट म कसरी रोकिन सक्छु?" भनी उनले भनेका कुरा तपाईं सुन्न सक्नुहुन्छ।

अब ईश्वरको खोजी गर्ने रोमी कप्तान कर्नेलियसको घरमा पत्रससँग तपाईं जानुहोस्। त्यहाँ पनि उनले अरू मानिसहरूसँग ख्रीष्टको बारेमा आफ्नो साक्षी दिएका कुरा तपाईंले फेरि देख्न सक्नुहुन्छ (प्रेरित १०:३४-४३ हेर्नुहोस्)।

प्रेरित पावल अर्थात् पौलस र उनको यात्राको बारेमा प्रेरितको पुस्तकले धेरै जानकारी दिएको छ। पावललाई उनको यात्रामा पछ्याउनुहोस् र उनका कुरालाई ध्यानसित सुन्नुहोस्। उनले ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगिएको बाहेक अरू केही पनि बोलेनन्। प्रेरित पावलको जोशिलो इच्छाचाहिँ ख्रीष्टमा मानिसहरूलाई जित्नु र अरूहरूसँग आफ्नो व्यक्तिगत ख्रीष्टियान अनुभव बाँड्नु थियो।

यो सुसमाचार बाँड्नको लागि दुःख सहन पनि प्रेरित पावल इच्छुक थिए। उनलाई झ्यालखानमा हालियो, उनलाई कुटियो, उनलाई हातकड़ी लगाइयो, उनले भोको, एकलो र आफ्ना सहकर्मीहरूद्वारा त्यागिएको अनुभव गरे। अरूहरूसँग सुसमाचार बाँड्नका लागि यी कुनै पनि कुराले उनलाई रोक्न सकेन। उनले बोल्ने मौका पाएनन् भने सन्देश लेख्ने वा अरूहरूलाई लेखाउने गर्थे। "म मर्नलाई तयार छु। मैले दौड़ सिध्याएको छु" भन्ने दिनसम्म उनले यो काम गरी नै रहे (२ तिमोथी ४:६-७ हेर्नुहोस्।)।

बिगत दिनहरूमा अफ्रिकामा कुनै शिकारीले हात्ती मार्‍यो भने ऊ दौडँदै घर गएर यो असल समाचार सबैलाई बताउँथ्यो। जब अमेरिकीहरू पहिलो पल्ट चन्द्रमामा पुगे सबै समाचार माध्यमहरू– रेड़ियो, टि. भी. पत्र-पत्रिकाहरूले सबै ठाउँका मानिसहरूलाई यो असल समाचार प्रसारण गरे। अरूहरूलाई

आफ्नो समाचार बाँड्न चाहनु मानिसको स्वभाव नै हो। के हामीसँग भएको यति ठूलो समाचार हामीले हाम्रा वरिपरि भएकाहरूसँग बाँड्नु पर्दैन र?



जब येशूले आफैलाई सामरी स्त्रीकहाँ प्रकट गर्नुभयो, तिनी पनि यही अफ्रिकी शिकारीजस्तै दौड़ेर आफ्ना मानिसकहाँ गईन्। आफ्नो जीवनमा ख्रीष्टले गर्नुभएका सबै कामहरू तिनले तिनीहरूलाई बताईदिइन् (यूहन्ना ४:५-२९ हेर्नुहोस्)।

**तपाईंको अभ्यासको निम्ति**

६ प्रेरित पत्रुस, प्रेरित पावल र सामरी स्त्रीका मिल्दाजुल्दा कुराहरू के-के हुन्?

**क**) तिनीहरू शिक्षित व्यक्तिहरू थिए।

**ख**) तिनीहरू अरूहरूसँग ख्रीष्टलाई बाँड्न चाहन्थे।

**ग**) आफूलाई मानिसहरूले आदर गरेको तिनीहरू चाहन्थे।

७ अरू मानिसहरूलाई ख्रीष्टको बारेको सुसमाचार बताउने शुभ इच्छा शुरूका ख्रीष्टियानहरूमा किन थियो?

.................................................................

८ *कसरी* र *किन* परमेश्वरद्वारा येशू पृथ्वीमा पठाइनुभयो भन्ने सम्बन्धमा यहाँ तालिका दिइएको छ। येशूले जसरी *चेलाहरूलाई पठाउनुभयो* त्यसलाई सङ्केत गर्ने बयानको अगाड़िको खाली ठाउँमा × चिन्ह लेख्नुहोस्। तब हामीलाई पनि किन र कसरी *पठाइएको* छ भनी सङ्केत गर्ने बयानको अगाड़िको खाली ठाउँमा × चिन्ह लेख्नुहोस्।

| **येशू पठाइनुभयो** | **चेलाहरू पठाइए** | **हामीहरू पठाइएका छौं** |
|---|---|---|
| ▲ सेवा (मिशन)-सहित | .......... | .......... |
| ▲ शक्तिसहित | .......... | .......... |
| ▲ कष्ट भोग्न | .......... | .......... |
| ▲ सबै मानिसहरूकहाँ | .......... | .......... |
| ▲ मानिसहरूलाई स्वतन्त्र पार्न | .......... | .......... |
| ▲ सुसमाचार सुनाउन | .......... | .......... |
| ▲ परमेश्वरको प्रेमको उदाहरण हुन | .......... | .......... |

आफ्ना गवाही र साक्षीहरूद्वारा शुरूका ख्रीष्टियानहरूले सबै यरूशलेम, यहूदिया, सामरिया र पूरै रोमी साम्राज्यभरि येशूको सुसमाचार सुनाउन सक्षम भएका थिए। विश्वासीहरू सबै ठाउँमा गए। तिनीहरूले सबै मानिसहरूसँग आफ्ना ख्रीष्टियान अनुभव बाँड़े र प्रचार गरे। यी विश्वासीहरू ख्रीष्टजस्तै बोल्ने, जिउने र कार्य गर्ने कुरा अविश्वासीहरूले देखेका हुनाले, तिनीहरूले नै यिनीहरूलाई *ख्रीष्टियान* भनी नाम राखिदिए। यस

नामको अर्थ "ख्रीष्टजस्तो" वा "ख्रीष्टलाई पछ्याउने" भन्ने बुभिन्छ।

शुरूका ख्रीष्टियानहरूमा येशूको निम्ति यति धेरै प्रेम थियो र तिनीहरूका निम्ति येशूले गर्नुभएका कामहरूमा तिनीहरू यति धेरै धन्यवादी थिए कि सुसमाचार सुनाउनबाट तिनीहरूले आफूलाई अलग राख्न सकेनन्। यी नै कारणहरूले नै ख्रीष्टले हाम्रा निम्ति गर्नुभएका कामहरूलाई हामी अरूहरूसँग बाँड्न सक्छौंः हामी उहाँलाई प्रेम गर्छौं र अरूहरूलाई उहाँको प्रेम दिन चाहन्छौं।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ग) आदमलाई आफ्नै स्वभाव दिएर।
२ क) उहाँका आफ्ना पुत्र येशूलाई हामीकहाँ दिएर।
३ किनकि उहाँले हामीलाई धेरै प्रेम गर्नुहुन्छ।
४ क) ठीक ङ) ठीक
ख) ठीक च) ठीक
ग) बेठीक घ) बेठीक
५ किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ।
६ ख) तिनीहरू अरूहरूसँग ख्रीष्टलाई बाँड्न चाहन्थे।
७ ख्रीष्ट र अरूहरूका निम्ति भएको तिनीहरूको प्रेमको कारणले।
८ तपाईंले दुवैतर्फको पूरै खाली ठाउँमा × चिन्ह लगाउनुपर्छ।